स्वच्छ संमृद्ध सुसंस्कृत इलाम

# इलाम नगरपालिका
# नगरकार्यपालिकाको कार्यालय
## शिक्षा, युवा तथा खेलकुद शाखा
## इलाम

Green Ilam

पत्र संख्या: ०७८/७९

चलानी न:

१नं. प्रदेश,नेपाल

मिति: २०७८/०९/२०

**विषय: करार शिक्षक नियुक्तिका लागि विज्ञापन प्रकाशन गरिएको।**

प्रस्तुत विषयमा इलाम नगरपालिकास्थित तपसिलमा उल्लेखित विद्यालयहरुको तपसिलका तह र विषयका शिक्षकहरुको पदपूर्तिका लागि करार शिक्षक/कर्मचारी छनौट नगर समितिको मिति २०७८/०९/१९ गतेको बैठकको निर्णयानुसार **करारमा** शिक्षक नियुक्तिको लागि यो विज्ञापन प्रकाशन गरिएको छ। तोकिएको योग्यता पूरा गरेका इच्छुक नेपाली नागरिकले **मिति २०७८/१०/०५ गतेसम्म कार्यालय समय** भित्र फारम भरी यस कार्यालयमा पेश गर्नु हुन सूचित गरिन्छ।

तपसिल:

| क्र सं | विज्ञापन नं. | विद्यालयको नाम | विषय | तह | माग पद संख्या | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ०३/०७८/०७९ | अमर माध्यमिक विद्यालय, वरबोटे | लेखा | माध्यमिक द्वितीय | १ | रिक्त दरबन्दी |
| २ | ०४/०७८/०७९ | अमर माध्यमिक विद्यालय, वरबोटे | कम्प्युटर इञ्जिनियरिङ | माध्यमिक तृतीय | २ | प्रशिक्षक |
| ३ | ०५/०७८/०७९ | बालकन्या माध्यमिक विद्यालय, सोयाक | विज्ञान | माध्यमिक तृतीय | १ | रिक्त दरबन्दी |
| ४ | ०६/०७८/०७९ | साङरुम्बा माध्यमिक विद्यालय, साङरुम्बा | गणित/विज्ञान | निम्न माध्यमिक | १ | रिक्त दरबन्दी |
| ५ | | विणापाणी माध्यमिक विद्यालय, पुवामझुवा | गणित/विज्ञान | निम्न माध्यमिक | १ | रिक्त दरबन्दी |
| ६ | | बालमण्डल माध्यमिक विद्यालय, जस्बिरे | गणित/विज्ञान | निम्न माध्यमिक | १ | रिक्त दरबन्दी |
| ७ | ०७/०७८/०७९ | जनकल्याण आधारभूत विद्यालय, सोयाक | | प्राथमिक | १ | रिक्त दरबन्दी |
| ८ | | सिम्ले आधारभूत विद्यालय, सोयाक | | प्राथमिक | १ | रिक्त दरबन्दी |
| ९ | | जलेश्वरी आधारभूत विद्यालय, सोयाक | | प्राथमिक | १ | रिक्त दरबन्दी |

**आवश्यक न्यूनतम योग्यता:**

१. **माध्यमिक द्वितीय लेखा विषयका लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. लेखा विषयमा कम्तीमा द्वितीय श्रेणीमा स्नातकोत्तर तह उत्तीर्ण गरेको।

ग. माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।

२. **माध्यमिक तृतीय कम्प्युटर इञ्जिनियरिङ प्रशिक्षक विषयका लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. BE- Computer Engineering, BE- Information Technology, BE- Software Engineering, BE- Computer System Engineering मा स्नातक तह पूरा गरेको।

३. **माध्यमिक तृतीय विज्ञान विषयका लागि**

क. २१ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

प्रेमकुमार गौतम
उप सचिव

ख. विज्ञान विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरेको।

ग. माध्यमिक तहको अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**४. निम्न माध्यमिक तह गणित विज्ञान विषयका लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. सम्बन्धित विषयमा प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग. तालिम प्राप्त गरेको।

घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**५. प्राथमिक तहको लागि**

क. १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको।

ख. प्रविणता प्रमाणपत्र वा सो सरह उत्तीर्ण गरेको।

ग. तालिम प्राप्त गरेको।

घ. स्थायी अध्यापन अनुमति पत्र प्राप्त गरेको।

**आवश्यक कागजातहरु:**

१. नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
२. आवश्यक शैक्षिक योग्यताका प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपि
३. अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि
४. २ प्रति पासपोर्ट साइजको फोटो
५. आवेदन दस्तुरः माध्यमिक तहको लागि रु १०००, निम्न माध्यमिक तहको लागि रु. ७०० र प्राथमिक तहको लागि रु. ५००

**परीक्षाको किसिम:शिक्षक सेवा आयोगको पाठ्यक्रममा आधारित** लिखित, अन्तर्वार्ता र आवश्यक्तानुसार प्रयोगात्मक।

परीक्षा सम्बन्धी कार्यक्रम पछि प्रकाशन गरिनेछ।

**इच्छुक उमेद्वारले इलाम नगरपालिका राजश्व शाखाबाट तोकिएको शुल्क तिरेको रसिद र फारम लिई आवश्यक कागजातहरुमा आफैले प्रमाणित गरी शिक्षा युवा तथा खेलकुद शाखामा तोकिएको समयभित्र बुझाउनु पर्नेछ।**

**नोटः विज्ञापन भएको ७ दिनभित्रमा नियमानुसार कुनै विद्यालयमा दरबन्दी रिक्त भई पदपूर्तिका लागि माग भई आएमा यसै विज्ञापनमा समावेश गरिनेछ।**

**बोधार्थ:**

श्री सूचना तथा प्रविधि शाखा, इलाम नगरपालिका, इलाम – वेभसाइटमा अपलोड गरिदिनु हुन।

प्रेमकुमार गौतम
उप सचिव(अधिकृत दशौं)